नेपाल सरकार
उद्योग मन्त्रालय

मिति २०७२/१/१६

## प्रेस विज्ञप्ती

२०७२ साल वैशाख १२ र १३ गते गएको विनाशकारी भूकम्पबाट प्रभावित विभिन्न जिल्लाका शिविरहरुमा राहत स्वरुप वितरण गर्ने प्रयोजनको लागि नेपाल सरकार उद्योग मन्त्रालयले २०० मेट्रिक टन बिस्कुट र ७६ हजार कार्टुन चाउचाउ खरिद गरि वितरणको लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयोजनमा नेपाल खाद्य संस्थान केद्रीय गोदाममा खडा भएको संकलन केन्द्रमा उपलब्ध गराउन थालेको छ । त्यसरी उपलब्ध भएका चाउचाउ र बिस्कुट सो मन्त्रालयको संयोजनमा गठित समितिले भूकम्प प्रभावित जिल्लाहरुको आवश्यकतालाई ध्यानमा राखी ढुवानी गरि पठाउने कार्य सुरु भईसकेको व्यहोरा यसै विज्ञप्ती मार्फत जानकारी गराईएको छ ।

.................................................
यामकुमारी खतिवडा
सहसचिव/प्रवक्ता
उद्योग मन्त्रालय